नियम/दर्ता नं : १४

# आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७५ (पहिलो संशोधन)

(गाउँ कार्यपालिकाद्वारा मिति २०७५।०९।०४ मा स्विकृत)

(पहिलो संशोधनः मिति २०७६।०५।०४)

छथर जोरपाटी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जोरपाटी, धनकुटा ।

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटाको

**आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७५**

छथर जोरपाटी गाउँपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि तथा वडा कार्यालयको स्पष्ट किटानी सिफारिसको आधारमा बढीमा रु. ३०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ। तर दफा **अ.**को उपदफा **(ङ)** मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा छथर जोरपाटी गाउँपालिका भित्र स्थायी बसोबास नभएको भएपनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

**अ. सामान्य आर्थिक सहयोग**

(क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,
(ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,
(ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,
(घ) अति विपन्न व्यक्तिहरु,
(ङ) वेखर्ची व्यक्तिहरु,

**आ. विशेष आर्थिक सहायता**

छथर जोरपाटी गाउँपालिका भित्र बसोबाट गर्ने ~**(र अन्य स्थानीय तह)** भित्र देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पष्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरकलो अस्पताल वा स्वास्थ्य चौकीको सिफारिसका आधारमा वढीमा रु. १०,०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछः

(क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,
(ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,
(ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,
(घ) यस गाउँपालिका क्षेत्र भित्र फेला परेको बेवारिसे लाश दाहा संस्कार खर्च रु. ८,०००।-।

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दिर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथाबाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नेपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्बन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. ७०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ।

~ पहिलो संशोधन द्वारा थप